INNOVATIVE RESEARCH JOURNAL VOLUME: 4, ISSUE: 1 JUNE, 2025

**DOI:** https://doi.org/10.3126/irj.v4i1.79525

# आठहजारी रत्यौली गीतमा काव्यात्मक सौन्दर्य

**डम्बरबहादुर पुन[१], दावा शेर्पा[२], कृष्णराज ढकाल[३]**

**त्रिवि अनुगमन निर्देशनालय कीर्तिपुर, महेन्द्ररत्न क्याम्पस ताहाचल**

dambarpun06@gmail.com, sherpadawa2023@gmail.com

---

***लेखसार***

*यस अनुसन्धानमूलक लेखमा आठहजार क्षेत्रको रत्यौली गीतमा काव्यात्मक सौन्दर्यको खोजी गर्ने काम गरिएको छ । आठहजार क्षेत्र सल्यान जिल्लाको कपुरकोट गाउँपालिका र रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिकाभित्र पर्दछ । यस क्षेत्रमा प्रचलित रत्यौली गीत विवाहका अवसरमा दुलाहका घरमा महिलाहरू मात्र जम्मा भएर नृत्यका साथमा गाउने गरेको पाइन्छ । यस नृत्य गीतमा पुरुषका कपडाहरू पहिरिएर गोसाइँ बनेका महिलाहरूले उपस्थित अन्य महिलाहरूलाई नृत्य स्थलमा ल्याएर प्रेमीप्रेमिकाले गर्ने अनेक क्रियाकलापको अभिनयका साथ गीतको प्रस्तुति गरेको भेटिन्छ । यस लेखमा रत्यौली गीतको सङ्कलनका लागि स्थलगत कार्यअन्तर्गत प्रश्नोत्तर विधि र सैद्धान्तिक सामग्रीको सङ्कलनका लागि पुस्तकालयीय कार्य तथा इन्टरनेट (विद्युतीय माध्यम) को सहायता लिइएको छ भने सामग्री विश्लेषणका लागि आधुनिक वैज्ञानिक पद्धति विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस गीतमा अन्तर्निहित मनोरञ्जनात्मक पक्ष, शृङ्गारिक सौन्दर्य, आलङ्कारिक चमत्कार र प्रतीकात्मकता-जस्ता काव्यात्मक सौन्दर्यको प्राप्ति नै यस अध्ययनको परिणाम हो । यसैमा केन्द्रित भएर यसको अध्ययन गरिएको छ । रत्यौली गीतको मूल उद्देश्य नै मनोरञ्जन प्रदान गर्नु रहेको पाइन्छ । रत्यौली गीतका कतिपय पङ्क्तिमा अन्य महिलालाई आलोपालो गर्दै गीतको अर्थका आधारमा कहिले अँगालो हाल्न, कहिले चुम्बन गर्न, कहिले यौन सम्पर्क गर्न गोसाइँलाई आदेश गरेको पाइन्छ भने कतिपय पङ्क्तिमा दुलहीका परिपुष्ट स्तन, शरीर जिरिङ्ङ पार्ने हिप, आकर्षक छिनेको कम्मर आदिको वर्णन गरेको देखिन्छ । केही पङ्क्तिमा भने दुलाह दुलहीले रातभरि नसुतेर यौनक्रीडा गरेको र यौनरसले यौनाङ्ग छताछुल्ल भएको वर्णन गरेर सुन्दर शृङ्गारिक सौन्दर्य प्रस्तुत गरेको भेटिन्छ । यस गीतमा आजका दुलाह दुलही भोलि एकै जिउ अर्थात्*

*यौनक्रीडामा लिप्त हुने कुराको अनुमान गरिएको अनुमान अलङ्कार, दुलही विवाह मण्डपमा आउनु अगाडि शृङ्गारका सामग्रीहरू पहिरिएको हुन सक्ने सम्भाव्य कार्यकारण सम्बन्ध देखाइएको सम्भावना अलङ्कार र अश्लीलताका कारण उपमेय पुरुष यौनाङ्गलाई छाडेर उपमान लाँखुरीको बोटलाई क्रियाशील बनाई कार्य सम्पन्न गरेको परिणाम अलङ्कारको प्रयोग गरेर गीतलाई हृदयस्पर्शी, रागात्मक एवम् सौन्दर्यपूर्ण बनाएको देखिन्छ । यस रत्यौली गीतमा पुरुष यौनाङ्गको प्रतीकका रूपमा लट्ठीलाई, महिला यौनाङ्गको प्रतीकका रूपमा साडीलाई, सुन्दर स्तनको प्रतीकका रूपमा सुन्तलालाई र यौनीको प्रतीकका रूपमा पाउरोटीलाई वर्णन गरेको पाइन्छ । यस प्रकारको प्रतीकका प्रयोगले गीतलाई आकर्षक एवम् मर्मस्पर्शी बनाएको भेटिन्छ ।*

**शब्दकुञ्जी :** *रत्यौली, सौन्दर्य, शृङ्गार, अलङ्कार, प्रतीक*

## विषय प्रवेश

दुलाहका घरतिरबाट जन्तीहरू दुलहीका घरतिर लागेपछि दुलाहको घरमा धेरै महिलाहरू जम्मा भई नि:सङ्कोच रूपमा स्वतन्त्र भएर हास्यव्यङ्ग्यात्मक पाराले नृत्यका साथमा गाइने गीतलाई रत्यौली गीत भनिन्छ । कतैतिर रतिलीला शब्दको अपभ्रंशबाट निर्मित रत्यौली शब्दको अर्थ रतिक्रीडाको अनुकरण गर्नु भन्ने तर्क पाइन्छ भने कसैकसैले रातभरि चल्ने गीत रत्यौली हो भनेर चर्चा गरेको पनि पाइन्छ (पुन, २०७३, पृ. ५६) । यस गीतमा कतै हाँसो, कतै छेडछाड र कतै ज्यादै अश्लीलता समेत भेट्न सकिन्छ । रत्यौली गीत वाद्य नृत्य गीत भएकाले यसमा दुई जना महिलाहरू पुरुषका कपडा पहिरिएर गोसाइँ बनेका हुन्छन् । यी गोसाइँहरूले गाउने ठाउँमा जम्मा भएका महिलाहरूलाई एकएक गर्दै नाच्ने ठाउँमा लिएर नचाउने गर्दछन् । यी पुरुष भेषका गोसाइँहरू र महिला भेषका नर्तकीले अत्यन्त अश्लील अभिनय गरेको पाइन्छ । विशेष गरेर यिनीहरू विवाह हुने दुलाह दुलहीको विषयमा केन्द्रित भई विवाहपछिको सम्भाव्य क्रियाकलापको अभिनय गर्दछन् । यसका साथै गोसाइँ बनेका महिलाले पुरुषले महिलाप्रति गर्ने पाशिवक बलात्कारी व्यवहारको अनुकरण र रतिक्रीडाको अभिनय समेत गरेको देखिन्छ । रत्यौली गीतमा मादल, ताली, मुजुरा आदि बाद्यवादनको प्रयोग गरिएको हुन्छ । यी गीत गाउने स्थानमा पुरुषलाई निषेध गरिएको हुन्छ । यस समाजमा आजको बदलिँदो

परिस्थितिमा महिलाहरू पनि माइती पक्षकहाँ जन्ती जाने परम्परा, गाडी मोटरको प्रयोग गरी दुलहीको घर बिहान गई दुलाहको घर साँझ फर्किहाल्ने परिवर्तित अवस्थाले रत्यौली गीत र नाच करिबकरिब लोप हुने अवश्थामा छ । गाउँका दुरदराजभित्र अहिले पनि यो गीत प्रचलनमा रहेको पाइन्छ । आजभोलि रत्यौली नाच्ने भनेर अश्लील गीतका ठाउँमा महिला पुरुषहरू संयुक्त रूपमा भेला भई दुलाहदुलहीसँग सम्बन्धित श्लील गीत गाउने र नाच्ने पनि गरेको पाइन्छ । यसले रत्यौली गीतको मौलिकतालाई क्षयीकरण गरेको देखिन्छ ।

## शोधविधि

यो अनुसन्धानमूलक लेख वर्णनात्मक अध्ययनमा आधारित छ । यो अध्ययनमा काव्यशास्त्रको सैद्धान्तिक धरातलमा रत्यौली गीतको अनुसन्धान गरिएकाले यो गुणात्मक अनुसन्धान हो । प्रस्तुत अनुसन्धानमूलक लेखमा वर्तमान अवस्थामा विद्यमान रहेका रत्यौली गीतलाई काव्यशास्त्रका आधारमा अध्ययन गरिएकाले यस अनुसन्धानमूलक लेखमा वर्तमानकालीक एकरेखीय पद्धति अँगालिएको छ । सल्यान आठहजार क्षेत्रका गाउँमा गएर रत्यौली गीतको सङ्कलन गरिएकाले यसका लागि क्षेत्रीय अध्ययन कार्य गरिएको छ । रत्यौली गीतमा अश्लीलताका झलक पाइने र यो गीत महिलाहरूले मात्र गाउने भएकाले यस गीतको सङ्कलनका लागि प्रश्नोत्तर विधि अँगालिएको छ । प्रस्तुत अनुसन्धानमूलक लेखको सैद्धान्तिक पक्षको अध्ययन गर्न पुस्तकालयीय कार्य पनि गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि आधुनिक वैज्ञानिक पद्धति काव्यशास्त्रमा आधारित विश्लेषण विधिको सहयोग लिएको छ । केही महत्त्वपूर्ण विषयको जानकारीका लागि इन्टरनेटको सहायता पनि लिइएको छ ।

## सैद्धान्तिक पर्याधार

*आठहजारी रत्यौली गीतमा काव्यात्मक सौन्दर्य* शीर्षकको अनुसन्धानमूलक लेखको सैद्धान्तिक पर्यायधार काव्य सिद्धान्त हो । पूर्वीय काव्यशास्त्रका क्षेत्रमा साहित्यलाई काव्य भनेर चर्चा गरेको पाइन्छ । सामान्यतया जीवन र जगत्सँग सम्बद्ध विविध विषयमा अभिव्यक्त गरिएका सौन्दर्य, रूप, गुण, भावुकता आदिको प्रस्तुतिलाई साहित्य भनिन्छ (प्रज्ञा नेपाली बृहत् शब्दकोश, २०७९) । साहित्यमा सामान्यार्थ शब्दको प्रयोग नगरीकन लक्ष्यार्थ वा व्यञ्जनार्थ शब्दको प्रयोग गरेको भेटिन्छ । यसमा विचार पक्षलाई भन्दा भावात्मक पक्षलाई विशेष जोड

दिएको पाइन्छ । साहित्यमा विषयवस्तुको आलङ्कारिक, सौन्दर्यमूलक, हृदयस्पर्शी, चमत्कारपूर्ण, प्रतीकात्मक रूपमा प्रस्तुति गरेको देखिन्छ । आठहजारी रत्यौली गीत यस क्षेत्रका लोकजनमा विद्यमान रहेको लोकगीत भएकाले यसमा पनि काव्य सौन्दर्य पाइनु स्वाभाविकै हो । यस रत्यौली गीतमा काव्यात्मक सौन्दर्यको अध्ययन गर्ने क्रममा गीतमा अन्तर्निहित मनोरञ्जनात्मक, शृङ्गारिक, आलङ्कारिक र प्रतीकात्मक पक्षको अध्ययन यहाँ गरिएको छ ।

## परिणाम र छलफल

रत्यौली गीत मूलतः मनोरञ्जन गर्ने उद्देश्यका साथ गाउने र नृत्यका साथ प्रस्तुत गरेको पाइन्छ । जन्तीहरू दुलहीको घरमा गएको अवस्थामा दुलाहको घरमा महिलाहरू जम्मा भएर मनोरञ्जनपूर्ण क्रियाकलाप र यौनक्रीडासँग सम्बन्धित अभिनय गरेर यस गीतलाई गाउने गरेको भेटिन्छ । रत्यौली गीतलाई सुपाच्य, सुसंस्कृत बनाउन महिलाहरूले शालीनता एवम् शिष्टतापूर्वक अत्यन्त कलात्मक एवम् सौन्दर्यपूर्ण ढङ्गले प्रस्तुत गरेको देखिन्छ । यस प्रकारले प्रस्तुत गरिने रत्यौली गीतलाई निम्नानुसार छलफल गरिन्छ-

### रत्यौली गीतमा मनोरञ्जन

रत्यौली गीतलाई मनोरञ्जन गर्ने उद्देश्य राखेर प्रस्तुत गरिन्छ । यस गीतको प्रस्तुतिका लागि पुरुषलाई त्यस क्षेत्रमा निषेध गरिएको हुन्छ । महिलाहरू नै पुरुषका कपडाहरू पहिरिएर नाच्ने गरेको देखिन्छ । यस प्रकारका पुरुष भेषधारी महिलालाई गोसाइँ भन्ने प्रचलन छ (पुन, २०७३, पृ. ५६) । गीतको भावका आधारमा यी गोसाइँहरूले अनेक प्रकारका अभिनय गर्ने गर्दछन् ।

गायिकाहरूले गीतको प्रारम्भमा दुलहाका आफन्त आमा, फुपू, दिदी, बहिनीलगायतका आफन्तहरूलाई होतारेर (तानेर) ल्याउन आदेश गर्दछन् र सोहीअनुसार गोसाइँले पालैपालो ती आफन्तलाई तानेर ल्याउँदै नचाउने गरेको पाइन्छ । यसरी दुलहाका आफन्तलाई नचाउन आदेश गरिएको रत्यौली गीतको अंश यस प्रकार छ-

सिरीसिरी हावा चल्यो बरपीपल चौफारी
दुलाकी दिदीलाई ल्याउन होतारी

यस गीतमा बरपीपल चौतारीमा सिरसिर हावा चलेको वर्णन गर्दै रतिक्रीडाको बारेमा चर्चा गरिएको छ । यहाँ यौनक्रीडाको अभिनय गरेर नाचिरहेको ठाउँमा दुलहाकी दिदीलाई ल्याउन भनिएको छ । गायिकाहरूले गीत गाउने क्रममा अन्य शब्दलाई यथावत् राखेर दिदी शब्दका सट्टामा आमा, फुपू, दिदी, बहिनी, माइजू आदि शब्द राखेर गाउने गरेको पाइन्छ । गीतको अर्थअनुसार गोसाइँहरूले ती आफन्तलाई पालैपालो गरेर नाचिरहेको ठाउँमा ल्याउँछन् । त्यसपछि सबैजना मिलेर नाचको प्रारम्भ गर्दछन् । यसरी एकैपटकमा धेरैजना महिलाहरू सँगै नाचेर रत्यौलीका समयमा रमाइलो गर्दछन् ।

यसरी नाचगान गरिरहेको अवस्थामा गायिकाहरूले दुलहाका आफन्तहरूलाई यौनक्रीडाको तयारीका लागि उबिन्नो (उत्तानो) पारेर सुताउन गोसाइँलाई अह्राउने गर्दछन् । यस्तो प्रकारको आदेश प्रस्तुत गरिएको रत्यौली गीतको नमुना यस प्रकार छ-

दुलाको छानामाथि फुर्चे कुबिन्नो
दुलाको फूपूलाई पार उबिन्नो

यस गीतमा दुलाहको घरको छानामाथि कुभिण्डो फलेको वर्णन गर्दै दुलहाकी फुपूलाई उत्तानो पारेर सुताई यौनक्रीडाका लागि तयारी अवस्थामा राख्न आदेश गरेको देखिन्छ । यहाँ फुपूलाई उत्तानो पार्न भनिएको भए तापनि गायनका क्रममा आमा, दिदी, माइजू, बहिनी, भाउजू आदिको नाम पनि क्रमैसँग उल्लेख गरेको पाइन्छ । गोसाइँहरूले यी गायिकाले उल्लेख गरेका व्यक्तिलाई नृत्यस्थलमा ल्याएर उत्तानो पारेर यौनक्रीडाका लागि तयारी अवस्थामा राखेको अभिनय गर्दै रमाइलो गर्ने गरेको भेटिन्छ ।

नृत्यस्थलमा यौनक्रीडाका लागि धेरै महिलालाई तयारी अवस्थामा राखेपछि गायिकाहरूले गोसाइँलाई दुलहाकी आमालाई उफ्रीउफ्री ठेल (यौनक्रीडा गर) भन्ने आदेश दिन्छन् । यस किसिमको रतिक्रीडाका लागि आदेश गरिएको रत्यौली गीतको टुक्रा यस प्रकार छ-

पाउना आए हेर गौँसाइ बिरा चौकी देल
दुलाकी आमालाई उर्छीउर्छी ठेल

यस गीतको पहिलो पङ्क्तिमा गोसाइँलाई अतिथिका लागि बस्ने पिर्काको व्यवस्था गर्न भन्दै यौनक्रीडामा क्रियाशील हुन आग्रह गरेको देखिन्छ । यस गीतलाई पुनः गाउने क्रममा

अन्य शब्द दोहोऱ्याएर आमाका सट्टामा फुपू, माइजू आदि शब्दको प्रयोग गरेर गाएको भेटिन्छ। गायिकाको आदेशानुसार गोसाइँले दुलहाकी आमालाई नृत्यस्थलमा सुताएर यौनक्रीडा गरेको अभिनय गर्दछन्। एवम् क्रमले गोसाइँले गायिकाको आदेशानुसार अन्य महिलालाई पनि नृत्यस्थलमा सुताएर यौनक्रीडा गरेको अभिनय गर्दै दर्शकलाई मनोरञ्जन दिने काम यस गीतमा गरेको पाइन्छ।

## रत्यौली गीतमा शृङ्गारिक सौन्दर्य

रत्यौली गीतमा शृङ्गार सौन्दर्यको आधिक्यता पाइन्छ। रत्यौली शब्द नै रतिलीला शब्दको अपभ्रंशबाट निर्माण भएको र यसको अर्थ रतिक्रीडाको अनुकरण गर्नु हो भन्ने एक प्रकारको तर्क रहेकाले यसमा शृङ्गारिक सौन्दर्य पाइनु स्वाभाविकै हो। दुलाहले सुसज्जित दुलहीलाई देख्ने बित्तिक्कै उसप्रति आकर्षित भएको रत्यौली गीतको नमुना यस प्रकार छ-

तल जिउली खोलीमा माछा चरङ
दुलैको पुठा हेर्दा जिउ जरङ

यस रत्यौली गीतको पहिलो पङ्क्तिमा बेसी खोलामा पाइने चरङ्ङे माछाको चर्चा गरिएको छ। दोस्रो पङ्क्तिमा भने दुलहीका पुठा (नितम्ब) देख्दा दुलाहमा एक प्रकारको भावनात्मक आकर्षण जागेको उल्लेख गरिएको छ। यसरी गीतको प्रस्तुति गर्दै जाने क्रममा दुलहीका अन्य अङ्गहरू स्तन, ओँठ, निधार, अनुहार आदि देखेर दुलाहमा भावनात्मक आकर्षण बढ्दै गरेको शृङ्गारिक भाव प्रस्तुत गरेको पाइन्छ। विश्वनाथले कामदेवको उत्पत्ति भएको वर्णन गरिएमा उत्तम प्रकृतिको शृङ्गाररस हुन्छ (इ. १९५७, पृ. २३०) भने झैँ यस गीतमा पनि कामदेव उत्पत्ति गर्ने यौनाङ्गको वर्णन गरेर शृङ्गारिक सौन्दर्य प्रस्तुत गरेको स्पष्ट हुन्छ। यस गीतको प्रस्तुति गर्दा गोसाइँहरूले अन्य महिलालाई पालैपालो नृत्यस्थलमा ल्याएर अङ्गालो हाल्ने, चुम्बन गर्ने, यौनक्रीडाको अभिनय गरेर त्यहाँको वातावरणलाई रोमाञ्चक बनाएको देखिन्छ। यस अवस्थामा यस गीतले दर्शक तथा स्रोतालाई शृङ्गारिक सौन्दर्य प्रदान गरेको पाइन्छ।

रतिरागात्मक भावनाको प्रस्तुति गर्ने क्रममा विवाहपश्चात दुलाह दुलहीले रातभरि ननिदाईकन यौनक्रीडा गरेर समय बिताउने विषयवस्तु प्रस्तुत गरिएको रत्यौली गीतको अंश यस्तो छ-

नेपालबाट चिठ्ठी आयो सिरी कञ्चन

दुलादुलै नसुतेरै रात कटाउँछन्

यस गीतको पहिलो पङ्क्तिमा नेपालबाट सुन्दर शब्दले सजिएको पत्र प्राप्त भएको वर्णन गरिएको छ । यसको दोस्रो पङ्क्तिमा विवाह भएको रातमा दुलाह दुलही रातभरि नुसुतेर यौनक्रीडामा लिप्त हुने कुराको चर्चा गरिएको छ । यस गीतको प्रस्तुतिका क्रममा गोसाइँहरूले उपस्थित महिलाहरूलाई नृत्यस्थलमा ल्याएर यौनक्रीडाका अनेक आइटमहरूको अभिनय प्रस्तुत गर्ने क्रममा शृङ्गारिक सौन्दर्यको प्रकटीकरण भएको भेटिन्छ ।

यसै गरी यस क्षेत्रका रत्यौली गीतमा गायिकाहरूले विवाहको पहिलो रात दुलहीको यौनाङ्ग अस्तव्यस्त हुने कुराको वर्णन गरिएको पनि पाइन्छ । यस प्रकारको चर्चा गएिको रत्यौली गीतको उदाहरण यस प्रकार छ-

दुलाको आगनीमा भाले भ्यातभ्यात

भोलि आउने दुलैनीको हुन्छ फ्यातफ्यात

यस गीतमा दुलाहको आगनमा भाले भ्यातभ्यात गरेको वर्णन गरिएको छ । जन्तीहरू दुलही लिन गएका छन् । भोलि दुलही लिएर आएपछि दुलाह र दुलहीबिचमा यौनक्रीडा हुने कुराको स्मरण गरेर नृत्य अभिनय गरेको पाइन्छ । यहाँ भोलि आउने दुलहीको यौनाङ्ग यौनक्रीडापछि फ्यातफ्यात हुने कुराको चर्चा गरिएको छ । सोमनाथ शर्मा सिग्द्यालले परस्पर प्रेममा बाँधिएका नायक नायिकाहरू एकअर्काप्रति एकत्र भई विलासी अवस्थामा रहेको अनुरागको वर्णन भएमा सम्भोग शृङ्गाररस हुन्छ (२०२८, पृ. ११) भने झैँ यस गीतमा यौनक्रीडापछिको यौनाङ्गको वर्णन गर्दा दुलाह दुलहीको एकत्र अवस्थाको कलात्मक तरिकाले वर्णन गर्दा शृङ्गारिक सौन्दर्यको प्रस्तुति भएको देखिन्छ ।

**रत्यौली गीतमा अलङ्कारिक सौन्दर्य**

अलङ्कार प्रयोगका हिसाबले यस क्षेत्रको रत्यौली गीत पनि सशक्त रहेको पाइन्छ । यस गीतमा प्रयोग भएका अलङ्कारले गीतलाई आकर्षक एवम् सौन्दर्यपूर्ण बनाएको पाइन्छ । यस क्षेत्रका रत्यौली गीतमा अलङ्कारको अध्ययन गर्ने क्रममा अनुमान अलङ्कारको प्रयोग भएको पाइएको छ । यहाँको रत्यौली गीतमा प्रयोग गरिएको अनुमान अलङ्कारयुक्त गीतको टुक्रा यस प्रकार छ-

थालमाथि चिउरी त चिउरीमाथि घिउ
आजका दुलादुलै भोलि एकै जिउ

यस रत्यौली गीतको पहिलो पङ्क्तिमा थालमाथि च्युरा र च्युरामाथि घिउ भएको चर्चा गर्दै विवाहको दिनका दुलाह दुलहीको रोमाञ्चक अवस्थाको वर्णन गरिएको छ । विवाहको वर्णनका क्रममा आजका दुलाह दुलही भोलि एकै जिउ अर्थात् यौनक्रीडामा लिप्त हुने कुराको अनुमान गरिएको देखिन्छ । यसरी प्रस्तुत विषय साध्य वस्तु आजका दुलाह दुलही अप्रस्तुत विषय साधन वस्तु भोलि यौनक्रीडामा लिप्त भई एकजिउ हुनसक्ने कुराको अड्कल गरिएकाले रुद्रटले साध्य वस्तु (कार्य) द्वारा साधन वस्तु (कारण) को चर्चा गर्नुलाई अनुमान अलङ्कार हुन्छ (इ. १९६५, पृ. २२१) भने झैं यस गीतमा अनुमान अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ । दुलाह दुलही बन्नाको अन्तिम उद्देश्य नै श्रीमान् श्रीमती भएर एकअर्कामा एकाकार हुने भएकाले यौनक्रीडाको अनुमान गरेर गीतलाई हृदयस्पर्शी बनाउने काम लोकस्रष्टाले यहाँ गरेको पाइन्छ ।

यसै गरी यस क्षेत्रका रत्यौली गीतमा सम्भावना अलङ्कारको पनि प्रयोग भएको पाइन्छ । यहाँको रत्यौली गीतमा प्रयोग भएको सम्भावना अलङ्कारयुक्त गीतको उदाहरण यस प्रकार छ-

आदा सगर झिलीमिली आदा सगर जून
यतिखेर दुलैनीले गाजल पैरी हुन्

यस रत्यौली गीतमा दुलही लिन जन्ती गएका छन् । घरमा महिलाहरू रत्यौली नाच्दै गरेको पाइन्छ । नाचिरहेका महिलाहरूले आधा आकाश चन्द्रमा र आधा आकाश ताराको झिलीमिली भएको वर्णन गर्दै यस अवस्थामा दुलहीले विभिन्न प्रकारका शृङ्गारका सामग्रीहरू पहिरिएकी होलिन् भनेर गीत गाउँदै नाच्ने गरेको देखिन्छ । टीकाप्रसाद भट्टले अनिश्चयार्थ वा सर्तात्मक भाव प्रकट गर्ने सर्त वा सम्भावना दुईओटा अंश भएको कल्पना केन्द्री अलङ्कारलाई सम्भावना अलङ्कार भनिन्छ (२०७४, पृ. ५०१) भने झैं यस गीतमा दुलही विवाह मण्डपमा आउनु अगाडि शृङ्गारको सामग्रीहरू पहिरिएको हुन सक्ने सम्भाव्य कार्यकारण सम्बन्ध देखाइएकाले यस गीतमा सम्भावना अलङ्कारको प्रयोग भएको भेटिन्छ । विवाहको समयमा

दुलही सकेसम्म सुशोभित हुनाका लागि अनेक प्रकारका सौन्दर्यका सामग्रीहरू पहिरिने कुराको सम्भावना गरेर यस गीतलाई लोकस्रष्टाले सौन्दर्यपूर्ण बनाएको पाइन्छ ।

यसरी नै यस क्षेत्रको रत्यौली गीतमा परिणाम अलङ्कारको प्रयोग भएको पाइन्छ । रत्यौली गीत विवाहका अवसरमा गाइने भएकाले यसमा थुप्रै अश्लील भावहरू प्रस्तुत गरेको देखिन्छ । परिणाम अलङ्कारको प्रयोग गरिएको रत्यौली गीतको नमुना यस प्रकार छ-

भोलि त कता कता अचम्मै हुन्छ
ढलेको लाँखुरी सिडै ठरिन्छ

यस क्षेत्रको रत्यौली गीतमा दुलही लिन गएका जन्ती भोलिपल्ट फर्कने र त्यस राति दुलाह र दुलहीबिचमा यौनक्रीडा हुने कुराको वर्णन पाइन्छ । यसका लागि दुलहाको यौनाङ्ग उत्तेजित हुने कुराको वर्णनमा प्रतीकात्मक रूपमा लाँखुरीको बोटलाई उभ्याइएको छ । यस गीतमा उपमेय पुरुष यौनाङ्ग लिङ्गलाई छाडेर उपमान लाँखुरीको बोटलाई प्रस्तुत गरी ढलेको लाँखुरी ठडिने क्रियाको चर्चा गरिएको छ । अप्पय दीक्षितले विषयी वा उपमानले विषय वा उपमेयका स्वरूप धारण गरेर कुनै प्रकृत कार्यको उपयोगी भएमा परिणाम अलङ्कार हुन्छ (इ. १९५६, पृ. २२) भने झैं यस गीतमा अश्लीलताका कारण उपमेय पुरुष यौनाङ्गलाई छाडेर अर्थात् असमर्थ बनाई उपमान लाँखुरीको बोटलाई क्रियाशील बनाई कार्य सम्पन्न गरेकाले परिणाम अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ । यहाँ उपमान लाँखुरीको बोटलाई उपमेय पुरुष यौनाङ्ग बनाएर चर्चा गरिएको परिणाम अलङ्कारको प्रयोगले रत्यौली गीतलाई चमत्कारपूर्ण बनाएको देखिन्छ ।

ओल्ला कुना हेर् गोसाइँ पल्ला कुन हेर्
दुलाकी दिदीलाई गर्न हुन्न बेर

## रत्यौली गीतमा प्रतीक

यस क्षेत्रको रत्यौली गीतमा विभिन्न किसिमका प्रतीकहरूको प्रयोग गरेको देखिन्छ । कुनै अदृश्य वस्तु वा भावलाई व्यक्त गर्न कुनै दृश्य वस्तुको प्रस्तुतीकरण गर्नु नै प्रतीक हो । सञ्जय राईले कुनै मूर्त, अमूर्त, गोचर अथवा इन्द्रियातीत विषयलाई कुनै अर्को मूर्त एवम् इन्द्रियगोचर वस्तुद्वारा प्रतिविधान गर्नुलाई प्रतीक (इ. २००२, पृ. १२१) भनेका छन् ।

प्रतीकहरूले अमूर्त, अदृश्य, अश्रव्य र अप्रस्तुत विषयको प्रतिनिधित्व गरेको पाइन्छ । यस प्रकारका प्रतीकहरू यस क्षेत्रको रत्यौली गीतमा पाइन्छन् । लट्ठीलाई पुरुष यौनाङ्गको प्रतीकका रूपमा प्रस्तुत गरिएको रत्यौली गीतको नमुना यस प्रकार छ-

आज दुला काँ गयो खसी डोऱ्याउँदै
भोलि दुला आउँछ लट्ठी ठऱ्याउँदै

यहाँ प्रस्तुत गरिएको रत्यौली गीतमा विवाहको दिन दुलाह खसी लिएर दुलही लिन गएको वर्णन गरिएको छ । ऊ जन्तीका साथमा सामान्य रूपमा दुलही लिन गएको भए तापनि फर्कदा भने लट्ठी ठडाएर आउने कुराको चर्चा गरेको पाइन्छ । यस टुक्राको सामान्य अर्थ खसी लिएर जाने लट्ठी ठडाएर आउने कुरा नै हो । यसको व्यङ्ग्यार्थ वा घुमाउरो अर्थ भनेको भोलिको दिन दुलाहमा यौन उत्तेजना भई लिङ्ग ठाडिने कुरा नै हो । राईले इडविन बेवनको भनाइलाई उल्लेख गर्दै कुनै प्रत्यक्ष वस्तुद्वारा इन्द्रियपरक अन्यार्थलाई बोध गराएमा प्रतीक हुन्छ (इ. २००२, पृ. १२२) भने झैँ यहाँ लट्ठीलाई इन्द्रियपरक अन्यार्थ पुरुष यौनाङ्गको प्रतीकका रूपमा उभ्याइएको स्पष्ट हुन्छ । व्यञ्जनार्थका रूपमा प्रस्तुत गरिएको यस प्रकारको प्रतीकको प्रयोगले गीतलाई मर्मस्पर्शी बनाएको भेटिन्छ ।

यस गरी यहाँ रत्यौली गीत प्रस्तुत गर्ने क्रममा गायिकाहरूले युवकको विवाहपूर्वको पारिवारिक जीवन र विवाहपछिको पारिवारिक जीवनमा देखापर्ने भिन्नताको चर्चा गरेको पाइन्छ । यहाँ साडीलाई महिला यौनाङ्गको प्रतीकका रूपमा प्रस्तुत गरिएको रत्यौली गीतको टुक्रा यस प्रकार छ-

खाजा भुट्यो चट्पट्याङ कालो हाँरीमा
आज दुला काँ गयो नयाँ सारीमा

यस रत्यौली गीतको पहिलो पङ्क्तिमा कालो हाँडीमा मकै भुटेको वर्णन गरिएको छ । दोस्रो पङ्क्तिमा भने विवाह पूर्व युवक एक प्रकारको पारिवारिक वातावरणमा रहेको भए पनि विवाह पश्चात युवतीको यौनाङ्गमा प्रवेश गरेर अर्कै वातावरणमा जीवन सञ्चालन गर्ने चर्चा गरेको पाइन्छ । यहाँ साडीलाई महिला यौनाङ्गको प्रतीकका रूपमा प्रस्तुत गरेको भेटिन्छ । यस प्रकारको प्रतीकको प्रयोगले गीतलाई आकर्षक बनाएको देखिन्छ ।

यस क्षेत्रको रत्यौली गीतमा वैवाहिक कार्यक्रममा अरूलाई कोशेलीलगायतका सामग्रीहरू प्राप्त हुने भए पनि दुलाहका लागि भने शारीरिक सम्बन्धका महत्त्वपूर्ण साधन स्तन र यौनाङ्ग प्राप्त भएको चर्चा गरिएको गीतको अंश यस प्रकार छ-

अरूलाई कोशेली, दक्षिणा र भेटी
छोरालाई सुन्तला, मिठो पाउरोटी

यस गीतको पहिलो पङ्क्तिमा विवाहका समयमा इष्टमित्र वा आफन्त जनलाई कोशेली, चेलीबेटीलाई दक्षिणा र आदरणीय पूज्य व्यक्तिलाई भेटी चढाइने कुराको वर्णन गरेको पाइन्छ। अन्य व्यक्तिले अरू नै थोक पाए पनि दुलाहका लागि जीवन साथीका रूपमा शारीरिक सौन्दर्यले सिँगारिएकी यौवना युवती प्राप्त भएको चर्चा गरेको देखिन्छ। यस गीतमा शारीरिक सौन्दर्यको उल्लेख गर्ने क्रममा सुन्दर स्तनको प्रतीकका रूपमा सुन्तला र यौनीको प्रतीकका रूपमा पाउरोटीको वर्णन गरेको भेटिन्छ। यस प्रकारको प्रतीकको प्रयोगले रत्यौली गीतलाई चमत्कारपूर्ण बनाएको पाइन्छ। दुलही विवाह मण्डपमा आउनु अगाडि शृङ्गारको सामग्रीहरू पहिरिएको हुन सक्ने सम्भाव्य कार्यकारण सम्बन्ध देखाइएको सम्भावना अलङ्कारको प्रयोग गरेको स्पष्ट हुन्छ।

**निष्कर्ष**

यस अनुसन्धानमूलक लेखमा रत्यौली गीतमा काव्यात्मक सौन्दर्यको खोजी गर्ने काम गरिएको छ। रत्यौली गीत विवाहका अवसरमा दुलाहका घरमा महिलाहरू मात्र जम्मा भएर रमाइलो गरी नृत्यका साथमा गाइने गीत हो। यस गीतमा अन्तर्निहित मनोरञ्जनात्मक पक्ष, शृङ्गारिक सौन्दर्य, आलङ्कारिक चमत्कार र प्रतीकात्मकताजस्ता काव्यात्मक सौन्दर्यको अध्ययन गरिएको छ।

रत्यौली गीतको मूल उद्देश्य नै मनोरञ्जन प्रदान गर्नु रहेको पाइन्छ। यस नृत्य गीतमा महिलाहरूले पुरुषका कपडाहरू पहिरिएर गोसाइँका रूपमा नायकको भूमिका खेलेको देखिन्छ। यी गोसाइँहरूले उपस्थित महिलाहरूलाई नृत्य स्थलमा ल्याएर प्रेमीप्रेमिकाले गर्ने अनेक क्रियाकलापको अभिनय गरेर मनोरञ्जन प्रदान गरेको भेटिन्छ। गोसाइँले अन्य महिलालाई आलोपालो गर्दै गीतको अर्थका आधारमा कहिले अँगालो हाल्ने, कहिले चुम्बन गर्ने, कहिले यौन सम्पर्क गर्ने आदि क्रियाकलाप गरेर दर्शकलाई रमाइलो प्रदान गरेको पाइन्छ। यस गीतमा

अभिव्यक्त भएका शृङ्गारिक भावहरूले वातावरणलाई प्रेममय बनाएको पाइन्छ । यस गीतमा दुलहीका परिपुष्ट स्तन, शरीर जिरिङ्ङ पार्ने हिप, आकर्षक कम्मर आदिको वर्णन, दुलाह दुलहीले रातभरि नसुतेर यौनक्रीडा गरेको बयान र यौनरसले छताछुल्ल भएको दुलहीमा देखा परेको यौनीको अवस्थाको वर्णनमा सुन्दर शृङ्गारिक सौन्दर्य प्रस्तुत भएको पाइन्छ । आजका दुलाह दुलही भोलि एकै जिउ अर्थात् यौनक्रीडामा लिप्त हुने कुराको अनुमान गरिएको अनुमान अलङ्कारले गीतलाई हृदयस्पर्शी बनाएको पाइन्छ । यसै गरी दुलही विवाह मण्डपमा आउनु अगाडि शृङ्गारका सामग्रीहरू पहिरिएको हुन सक्ने सम्भाव्य कार्यकारण सम्बन्ध देखाइएको सम्भावना अलङ्कारको प्रयोग र अश्लीलताका कारण उपमेय पुरुष यौनाङ्गलाई छाडेर अर्थात् असमर्थ बनाई उपमान लाँखुरीको बोटलाई क्रियाशील बनाई कार्य सम्पन्न गरेको परिणाम अलङ्कारको प्रयोगले गीतलाई रागात्मक बनाएको देखिन्छ । यस रत्यौली गीतमा लट्ठीलाई पुरुष यौनाङ्गको प्रतीकका रूपमा, साडीलाई महिला यौनाङ्गको प्रतीकका रूपमा, सुन्तलालाई सुन्दर स्तनको प्रतीकका रूपमा र पाउरोटीलाई यौनीको प्रतीकका रूपमा वर्णन गरेको पाइन्छ । यस प्रकारको प्रतीकका प्रयोगले गीतलाई मर्मस्पर्शी बनाएको भेटिन्छ ।

## सन्दर्भसामग्रीसूची

अप्पय दीक्षित (इ.१९५६). *कुवलयानन्द.* (भोलाशङ्कर व्यास, व्या.). चौखम्बा विद्याभवन ।

उप्रेती, गङ्गाप्रसाद र अन्य (सम्पा.) (२०७९). *प्रज्ञा नेपाली बृहत् शब्दाकोश.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

पुन, डम्बरबहादुर (२०७३). *राप्ती आठहजार क्षेत्रमा प्रचलित नेपाली लोकगीतको अध्ययन* ( अप्रकाशित लघु अध्ययन). नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

भट्ट, टीकाप्रसाद (२०७४). *प्रभासगीता महाकाव्यमा अलङ्कार प्रयोग* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). अनुसन्धान केन्द्र, ने.सं.वि. ।

राई, सञ्जय (इ.२००२). *महाकवि लक्ष्मीप्रसाद देवकोटाका फुटकर कवितागत विम्बविधानको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित शोधप्रबन्ध). नेपाली विभाग, कला बाणिज्य एवम् विधि सङ्काय, उत्तरबङ्ग विश्वविद्यालय, दार्जिलिङ ।

रुद्रट (इ.१९६५). *काव्यालङ्कार* . (सत्यदेव चौधरी, व्या). वासुदेव प्रकाशन ।

विश्वनाथ (इ.१९५७). *साहित्यदर्पण.* (सत्यव्रत सिंह, अनु.). चौखम्बा विद्या भवन ।

शर्मा सिग्द्याल, सोमनाथ (२०२८). *साहित्यप्रदीप.* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* शिखा बुक्स ।